कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

# कटहरी गाउँपालिका

## ईटा भट्टाबाट माटो उत्खनन् सम्बन्धी मापदण्ड, २०७७

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो मापदण्ड नाम " ईटा भट्टाबाट माटो उत्खनन् सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई बुझाउने छ ।

(ख) "मापदण्ड" इटा भट्टाबाट माटो उत्खनन सम्बन्धी मापदण्ड, २०७७ मापदण्ड जनाउनेछ ।

(ग) "अनुगमन समिति" भन्नाले यस मापदण्डको दफा ४ अनुसार गठित अनुगमन तथा समन्वय समितिलाई जनाउने छ ।

(छ) "ईटा भट्टा" भन्नाले कटहरी गाउँपालिका भित्र सञ्चालिते ईंटा भट्टा जनाउने छ ।

**३. उत्खनन्को लागि निर्धारित विधि**

(१) ईटा भट्टामा प्रयोग हुने माटो उत्खनन् गर्दा उत्खनन् स्थलमा बढीमा चार फिट गहिराईको मापदण्ड भित्र रहि उत्खनन् गर्नुपर्ने ।

(२) माटो उत्खनन् गर्ने क्रममा संधियारको सिमानाबाट कम्तिमा दश फिटको दुरीबाट मात्र उत्खनन् गर्नुपर्ने ।

(३) सार्वजनिक स्थान, खोलाको वगरको सिमानाबाट कम्तिमा दश फिटको दुरी राखी मात्र उत्खनन गर्नुपर्ने ।

**४.अनुगमन सम्बन्धी व्यवस्था**

(१) ईटा भट्टा बाट माटो उत्खनन् लगायतका कार्यहरुको अनुगमन गर्न गाउँ अध्यक्षको संयोजकत्वमा गठित देहाय वमोजिम अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| (क) गाँउपालिका उपाध्यक्ष | संयोजक |
| (ख) पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (च) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

२०७७-१०-२६

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १

५. अनधिकृत रुपमा माटो उत्खनन् गर्न नपाईने कसैले अनधिकृत रुपवाट उल्लेखित सामाग्री उत्खनन् गरेमा यस समितिले क्षतिपूर्ति भराउन सक्नेछ ।

६. थपघट वा हेरफेर गर्न सक्ने:यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउपालिकाले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन् ।

२०७८-१०-२६
प्रमुख प्रशासकीय अधिकृत